# जिल्ला समन्वय समितिको कार्यालय

उदयपुर, गाईघाट
कोशी प्रदेश, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

फोन नं: ०३५४२२१४३,४२२७९
ईमेल: ddcudayapur@gmail.com

पत्र संख्या २०८१/०८२
चलानी नम्वर ४४९

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाईघाट
कोशी प्रदेश
२०७३

मिति २०८२।०३।०२
ने.सं. ११४५ तछलागाः ५ सोमवार

विषयः अनुगमन प्रतिवेदन पठाईएको सम्वन्धमा ।


श्री त्रियुगा नगरपालिका, उदयपुर ।
श्री वेलका नगरपालिका, उदयपुर ।
श्री कटारी नगरपालिका,उदयपुर ।
श्री उदयपुरगढी गाउँपालिका, उदयपुर ।
श्री रौतामाई गाउँपालिका, उदयपुर ।

प्रस्तुत विषयमा जिल्ला समन्वय प्रमुख एवंम् नदिजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिका संयोजक श्री गौर वहादुर विश्वकर्मा ज्यूको नेतृत्वमा मिति २०८२ साल बैशाख र जेठ महिनामा तहाँ नगरपालिका तथा गाउँपालिका अन्तर्गतका विभिन्न खोलाहरुको अनुगमन गरिएको अनुगमनको प्रतिवेदन थान एक यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

२०८२/०३/०२

सृजना क्षेत्री
शाखा अधिकृत

# उदयपुर जिल्ला, उदयपुरगढी गाउँपालिकाले आ.ब २०८१।८२ मा गरेको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रि वितरण तथा व्यवस्थापन सम्बन्धमा अनुगमन प्रतिवेदन




अनुगमन गर्ने निकाय

जिल्ला समन्वय समिति

उदयपुर, २०८२

## विषयसूची


१. पृष्ठभूमी ........................................ 1

२. अनुगमनको उद्देश्य ........................................ 1

३. अनुगमन विधी ........................................ 2

४. अनुगमनमा संलग्न पदाधिकारी तथा कर्मचारीहरु ........................................ 3

५. कानूनी तथा नीतिगत व्यवस्था ........................................ 3

५.१ वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ ........................................ 3

५.२ भू—तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२ ........................................ 4

५.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ........................................ 4

५.४ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९ सहित) ........................................ 4

५.५ कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ ........................................ 5

६. बालुवा, ढुङ्गा तथा गिट्टीजन्य पदार्थ उत्खनन् तथा संकलन गरिएको स्थान ........................................ 5

७.चेकलिष्ट ........................................ 5

८. बालुवा, ढुङ्गा तथा गिट्टीजन्य पदार्थ उत्खनन् तथा संकलन सम्बन्धी स्थलगत अनुगमन तथा उदयपुरगढी गाउँपालिकाबाट प्राप्त कागजातको आधारमा प्राप्त नतिजां तथा विश्लेषण ........................................ 9

९. सुझावहरु ........................................ 10

चित्रहरु ........................................ 13




CamScanner

गौर बहादुर विश्वकर्मा
प्रमुख

## १. पृष्ठभूमी

विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न मन्त्रिपरिषद्को बैठकबाट *ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" पहिलो संशोधन, २०७९(२०७९/२/६गते)"* जारी गरीएको छ । यस मापदण्डमा स्थानीय स्तरमा ढुङ्गा, गिट्टी तथा बालुवा आदिको उत्खनन्, बिक्री बितरण अनुगमन गर्नका लागि जिल्ला समन्वय समितका प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी सह संयोजक, जिल्ला बन अधिकृत तथा सुरक्षा निकायका प्रमुख लगायतको सदस्य रहने गरि अनुगमन समितिको व्यवस्था गरिएको छ । यस समितिले आवश्यकता अनुसार जिल्ला भित्र हुने गरेका ढुङ्गा, गिट्टी तथा बालुवा आदिको संकलन, प्रशोधन तथा बिक्री वितरण कार्यको अनुगमन गर्दै आएको छ।

यसै सन्दर्भमा उदयपुर जिल्ला अन्तर्गतको उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिकाको वडा नं. ८ स्थित बालुवा, गिट्टी र ढुङ्गा उत्खनन भईरहेको वैजनाथ खोलाको अनुमगन गरि यो प्रतिबेदन तयार गरिएको छ।

## २. अनुगमनको उद्देश्य

जिल्ला भित्रका पालिकाहरु मार्फत हुने गरेका ढुङ्गा, गिट्टी तथा बालुवा आदिको संकलन प्रशोधन तथा बिक्री वितरण कार्यको अनुगमन गर्ने गराउने जिम्मेवारी प्रचलित कानूनले नदीजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिलाई प्रदान गरे अनुरुप यस जिल्लाको उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालकाको वडा नं. ८ स्थित बालुवा, गिट्टी र ढुङ्गा उत्खनन भईरहेको वैजनाथ खोलाको अनुगमन गरिएकोमा उक्त अनुगमनको उद्देश्यहरु निम्न अनुसार रहेका छन्।

- बालुवा, ढुङ्गा तथा गिट्टी उत्खनन् संकलन तथा विक्रि वितरणको सम्बन्धमा जानकारी लिने

गौर वहादुर विश्वकर्मा
प्रमुख

- उक्त नदिका लागि अपनाइएका उत्खनन् तथा संकलन बिधी एवं प्रक्रियाका बारेमा जानकारी लिने,
- उत्खनन् तथा सकलन संग सम्बन्धित कागजातहरुको अध्ययन गर्ने,
- उत्खनन् संकलन ढुवानी तथा बिक्रिबितरण सम्बन्धमा हालको अवस्था बारे जानकारी लिने,
- उत्खनन् क्षेत्रको अवलोकन गर्ने,
- सो उत्खनन् तथा संकलनका सम्बन्धमा सम्बन्धित गाउँपालिका तथा स्थानीयहरुको धारणा बुझ्ने,
- उत्खनन् तथा संकलन कार्यलाई अझ व्यवस्थित एवम् कानुन सम्मत बनाउका लागि सम्बन्धित निकायमा आवश्यक सुझाव प्रदान गर्ने ।

## ३. अनुगमन विधी

उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिका वडा नं. ६ स्थित वालुवा, गिट्टी र ढुङ्गा उत्खनन भईरहेको वैजनाथ खोलाको जिल्ला अनुगमन समितिका प्रतिनिधिबाट मिति २०८२/०२/२२ गते अनुगमन गरिएकोमा उक्त अनुगमन कार्यका लागि निम्न विधिहरुको प्रयोग गरिएको थियो।

- उत्खननको भौतिक अवस्थितिका सम्बन्धमा जानकारी लिनका लागि प्रत्यक्ष स्थलगन अवलोकन,
- उत्खनन् तथा संकलन सम्बन्धमा आवश्यक कागजातहरुको सम्बन्धित पक्षबाट विवरण संकलन,
- उत्खनन् गर्दा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्ड तथा शर्तहरु पुरा गरे/नगरेको सम्बन्धमा आवश्यक प्राविधिक नाप जाँच,

गौर बहादुर विश्वकर्मा
प्रमुख

- जनप्रतिनिधि तथा कर्मचारीहरुसँग छलफल तथा जानकारी संकलन
- स्थानीय बासिन्दाहरुसँग छलफल तथा परामर्श ।

## ४. अनुगमनमा संलग्न पदाधिकारी तथा कर्मचारीहरु

उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिका वडा नं. ६ स्थित बालुवा, गिट्टी र ढुङ्गा उत्खनन भईरहेको वैजनाथ खोलाको जिल्ला अनुगमन समितिका प्रतिनिधिहरुबाट मिति २०८२/०२/२२ गते अनुगमन गरिएकोमा उक्त अनुगमनमा कार्यका लागि निम्न अनुसारको संलग्नता रहेको थियो।

- जिल्ला समन्वय समिति प्रमुख श्री गौर वहादुर विश्वकर्मा
- जिल्ला समन्वय अधिकारी श्री आशिष अर्याल
- शाखा अधिकृत श्री सृजना क्षेत्री
- ना.सु. श्री दिपक पोखरेल
- सब इन्जिनियर श्री दिलिप कुमार यादव

## ५. कानूनी तथा नीतिगत व्यवस्था

### ५.१ वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७

कुनै पनि विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई सम्वोधन गर्न वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ लागु गरिएको छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ र ४ अनूसूची २ (ग) बमोजिम साधारण निर्माणमुखि ढुंगा, गिट्टी तथा बालुवा ग्राभेल दैनिक ३०० घ.मि. सम्मको परिमाणमा उत्खनन तथा संकलन गर्नुपूर्व ***प्रारम्भिक वातावरणीय परीक्षण*** गर्नुपर्ने उल्लेख गरिएको छ। सोही नियमावलीको

गौर बहादुर विश्वकर्मा
प्रमुख

अनुसूची ७ मा प्रारम्भिक वातावरणीय परीक्षण गर्दा अपनाउनु पर्ने चरणबद्ध प्रकृयाहरुको बारेमा समेत उल्लेख गरिएको छ।

### ५.२ भू–तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२

भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा भू तथा जलाधार संरक्षण नियमावली, २०४२ मा जलाधार क्षेत्रहरुमा *भू–क्षय तथा बाढी पहिरोको प्रकोपलाई न्यूनिकरण* गर्न विभिन्न प्रावधानहरु समावेश गरिएको छ। विभिन्न विकास निर्माणका क्रियाकलापहरु गर्दा *जमिन तथा जलाधार संरक्षणमा* नकरात्मक असर पुर्याउन नपाइने व्यवस्था गरेको छ।

### ५.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत बुँदा न. (७) मा *ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन* सम्बन्धि अधिकार प्रदान गरिएको छ। सोही ऐनको ६२(क) मा *"गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभावन मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ"* भन्ने व्यवस्था रहेको छ।

### ५.४ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९ सहित)

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९ सहित) को दफा ३ मा उत्खनन् वा सङ्कलनको लागि क्षेत्र निर्धारण सम्बन्धी व्यवस्था अन्तर्गत उपदफा (१) मा *"नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु"* र उपदफा २ अन्तर्गत "*उपदफा १ बमोजिमको*

गौर वहादुर विश्वकर्मा
प्रमुख

*कुनै क्षेत्रमा यस मापदण्ड बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरणको व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मिलाउनेछ* "भनी उल्लेख भएको छ ।

५.५ कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ कोशी प्रदेश सरकारले आर्थिक बर्ष २०८१/८२ का लागि जारी गरेको आर्थिक ऐन २०८१ को दफा ७ मा *प्राकृतिक स्रोत संकलन तथा सोको बिक्री शुल्कको* व्यवस्था गरिएको छ। यस ऐनले ढुङ्गा, गिट्टी तथा बालुवा माटो लगायतका प्राकृतिक स्रोतको संकलन नियमन र प्रशासन गर्ने जिम्मेवारी सम्बन्धित गाँउपालिका र नगरपालिकालाई प्रदान गरेको छ तथा *दफा ७ को उपदफा १ सँग सम्बन्धित अनुसूची ६ को बुँदा नम्बर १७ अनुसार "स्थानीय तहले खोला, नदी वा सार्वजनिक स्थलको प्राकृतिक स्रोत बिक्री गर्दा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी ठेक्का प्रक्रियाबाट मात्र सङ्कलन तथा बिक्री गर्नुपर्ने छ " भन्ने* व्यवस्था छ।

## ६. बालुवा, ढुङ्गा तथा गिट्टीजन्य पदार्थ उत्खनन् तथा संकलन गरिएको स्थान

उदयपुरगढी गाउँपालिकाले उपलब्ध गराएको कागजातका आधारमा ढुङ्गा, गिट्टी तथा बालुवाजन्य पदार्थ उत्खनन् कोशी प्रदेश अन्तरगतको उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिका वडा नं. ६ स्थित वैजनाथ खोलाबाट उत्खनन् ,संकलन तथा विक्रि वितरण गरेको पाईएको ।

## ७.चेकलिष्ट

नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिबाट मिति २०८२/०२/२२ मा गरिएको स्थलगत अनुगमन तथा उदयपुरगढी गाउँपालिकाले उपलब्ध गराएको कागजात समेतका आधारमा निम्न अनुसारको बिवरण (चेकलिष्ट) तयार गरिएको छ ।

**अनुगमन चेकलिष्ट**



CamScanner

गौर बहादुर विश्वकर्मा
प्रमुख

| सि.नं. | विवरण | नाम/ मिति/ छ/ छैन | कैफियत |
|---|---|---|---|
| १ | अनुगमन गरिएको पालिकाको नाम | उदयपुरगढी गाउँपालिका | |
| २ | अनुगमन गरिएको नदि/ खोला | वैजनाथ खोला | |
| ३ | IEE स्विकृति मिति | २०८१/०८/२८ | गा.पा.ले दिएको जानकारी अनुसार |
| ४ | ठेक्का/ अमानत के हो | ठेक्का | पालिकाबाट प्राप्त कागजातका आधारमा |
| ५ | ठेकदार/ कम्पनी | चाम्लिङ्ग निर्माण सेवा उदयपुरगढी गा.पा. ८ | पालिकाबाट प्राप्त कागजातका आधारमा |
| ६ | ठेक्का सम्झौता मिति | २०८१/१०/०३ | पालिकाबाट प्राप्त कागजातका आधारमा |
| ७ | ठेक्का सम्झौता अवधि | २०८२ जेठ मसान्तसम्म | पालिकाबाट प्राप्त कागजातका आधारमा |
| ८ | ठेक्का स्विकृत रकम | १२०५९९७.९७ मु.अ. कर र अग्रीम कर सहित | पालिकाबाट प्राप्त कागजातका आधारमा |
| ९ | हालसम्म प्रयोग भएको रसिद ठेली संख्या | १६ ठेली | पालिकाबाट प्राप्त कागजातका आधारमा |
| १० | हालसम्म संकलन भएको राजश्व | ९६०५२९.३७ मु.अ. कर वाहेक | पालिकाबाट प्राप्त कागजातका आधारमा |
| ११ | उत्खनन गर्न दिएको परिमाण | घ.मी. | |
| क. | वालुवा, गिट्टी, ढुङ्गा र ग्रावेल जम्मा | ३६८१ घ.मि. | पालिकाबाट प्राप्त कागजातका आधारमा |
| १२ | हालसम्म उत्खनन भएको परिमाण | - | |
| क. | वालुवा, गिट्टी, ढुङ्गा र ग्रावेल जम्मा | - | |
| १३ | वातावरणीय अध्ययन प्रतिवेदनका शर्तहरु पालनाको अवस्था | पूर्ण पालना भएको नदेखिएको । | |
| १४ | पालिकाले गर्नुपर्ने नियमित अनुगमनको अवस्था | नियमित अनुगमन भएको नदेखिएको । | |

गौर वहादुर विश्वकर्मा
प्रमुख

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाईघाट
कोशी प्रदेश
२०७३

| | | | |
|---|---|---|---|
| १५ | मेसिन उपकरणको प्रयोग सम्झौता अनुसार | - ट्रिपर, जेसिवि र ट्र्याक्टर प्रयोग भएको | |
| १६ | प्रयोग हुने एक्स्साभेटरको संख्या सम्झौता अनुसारको | - | |
| १७ | प्रयोग गर्ने क्षेत्र पालना भएको | पूर्णरुपमा नभएको । | |
| १८ | सङ्कलन, उत्खनन् र ढुवानीको समय पालन भएको | भएको | |
| १९ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | पूर्णरुपमा नभएको । | |
| २० | निकालेको परिमाण पालना भएको | पूर्णरुपमा नभएको । | |
| २१ | मुख्य बस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी पालना भएको | भएको | |
| २२ | स्थानीय सडक देखि मेसिन उपकरणको प्रयोग गर्ने क्षेत्रसम्म औषत दुरी पालना भएको | पूर्णरुपमा नभएको । | |
| २३ | थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | भएको | |
| २४ | दैनिक उत्खनन् अभिलेख | नभएको | |
| २५ | दैनिक विक्रि ढुवानी तेरीज | प्राप्त नभएको | |
| २६ | प्रशोधन गर्ने ब्यबस्थापन मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने ब्यवस्थापनलाई कडाईकासाथ लागू भएको | नभएको । | |

गौर बहादुर विश्वकर्मा
प्रमुख

| | | | |
|---|---|---|---|
| २७ | रेखांकन सहितको नाप नक्सा राखेको | नभएको | |
| २८ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध | पूर्ण रुपमा नभएको | |
| २९ | साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङ्ग पोण्ड) को ब्यवस्था गरेको | - | |
| ३० | उत्खनन. स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रवन्ध गरेको | नभएको | |
| ३१ | उत्खनन् गरिने परिमाण , चौकिल्ला, उत्खनन् विधि राखेको | उत्खनन स्थलमा भएको नदेखिएको । | |
| ३२ | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. र सूचना | नभएको | |
| ३३ | क्रसर उधोगले पालना गर्नु पर्ने दूरी सम्वन्धि मापदण्डको पालना | - | |
| ३४ | शून्य मौज्दात सम्वन्धि ब्यवस्थाको पालना | नभएको | |
| ३५ | ढुवानी र ओसार पसार सम्बन्धि मापदण्डको पालना | पूर्ण रुपमा नभएको | |
| ३६ | तोकिएको वजार मुल्यको पालना | - | |
| ३७ | राजश्व चुहावट र चोरी निकासीको अवस्था | - | |



CamScanner

जिल्ला समन्वय समितिको कार्यालय उदयपुर, गाईघाट कोशी प्रदेश २०७३
गौर बहादुर विश्वकर्मा
प्रमुख

## ८. बालुवा, ढुङ्गा तथा गिट्टीजन्य पदार्थ उत्खनन् तथा संकलन सम्बन्धी स्थलगत अनुगमन तथा उदयपुरगढी गाउँपालिकाबाट प्राप्त कागजातको आधारमा प्राप्त नतिजा तथा विश्लेषण

- उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को नदीजन्य पदार्थ उत्खनन तथा संकलन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यपालिकाको बैठकबाट स्वीकृत भएको।
- श्री चाम्लिङ्ग निर्माण सेवा, उदयपुरगढी गाउँपालिका वडा नं. ८, उदयपुर र उदयपुरगढी गाउँपालिकाबीच २०८१ साल माघ ३ गते गिट्टी, बालुवा, ग्राभेल तथा नदीजन्य पदार्थ उत्खननका लागि शर्त तोकी अनुमति दिएको।
- श्री चाम्लिङ्ग निर्माण सेवा, उदयपुरगढी गाउँपालिका वडा नं. ८, उदयपुरले गिट्टी, बालुवा, ग्राभेल तथा नदीजन्य पदार्थ उत्खननको राजश्व वापत गाउँपालिकालाई तिर्नुपर्ने रकम छुटसहित रु.९,६०,५२९.३७-(अक्षेरुपी नौ लाख साठ्ठी हजार पाँच सय उनन्तिस रुपैया सट्तीस पैसा मात्र ) एकमुष्ट बुझाएको पाईयो ।
- हालसम्म १६ ठेली रसिद निज कन्स्ट्रक्सनलाई उपलब्ध गराएको ।
- नदीजन्य पदार्थ उत्खनन् कार्य गर्नका लागि *खुला बोलपत्रको माध्यमबाट* प्रक्रिया अगाडी बढाएको देखियो।
- निषेधित क्षेत्रका लागि चिन्ह वा पिलरहरु स्पष्ट हुनेगरी राखेको नदेखिएको।
- पालिकाले उक्त कार्यबाट प्राप्त हुने राजश्वको हिस्सा उक्त क्षेत्रको संरक्षण तथा ब्यवस्थापनमा खर्च गरेको नदेखिएको ।
- पालिकाबाट ढुङ्गा, गिट्टी, उत्खनन् संकलन तथा विक्री वितरण सम्बन्धी कार्यको आवधिक अनुगमन गरि प्रतिवेदन लिएको नदेखिएको ।

गौर बहादुर विश्वकर्मा
प्रमुख

## ९. सुझावहरु

नेपाल सरकारले जारी गरेको ढुंगा, गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, पहिलो संशोधन २०७९ ("मापदण्ड") को दफा ९ मा उल्लिखित प्रावधानबमोजिम जिल्ला समन्वय समितिको प्रमुखज्यूको संयोजकत्वमा उदयपुर जिल्ला अन्तरगतको उदयपुरगढी गाउँपालिकाको वैजनाथ खोलाबाट ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन संकलन तथा बिक्री वितरण सम्बन्धमा स्थलगत अनुगमन तथा सम्बन्धित पालिकाबाट प्राप्त कागजात र जानकारीका आधारमा निम्न अनुसारको सुझाव प्रदान गरिएको छ ।

१. सम्बन्धित स्थानीय तहबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्तको अधिनमा रही तोकिएको परिमाणमा (तोकिएकै स्थानबाट तोकिएको परिमाणमा) वातावरणमा नकारात्मक असर नपर्ने गरी उत्खनन, संकलन तथा बिक्रि वितरणका कार्यमा तोकिएका शर्तहरु पूर्ण परिपालना गर्ने/गराउने।

२. ढुंगा, गिट्टी, बालुवाको चोरी निकासी साथै नियम बिपरीतका कार्यहरु नियन्त्रण गरी राजस्व चुहावटको जोखिम समेतलाई मध्यनजर गरी सम्बन्धित स्थानीय तहहरु साथै स्थानीय प्रहरीलाई गैरकानूनी चोरी निकासी तत्परताका साथ रोक्नको लागि जोड दिने।

३. मापदण्डको दफा ४(११) बमोजिम उत्खनन्, सङ्कलन र बिक्रि कार्यमा संलग्न कामदारहरुको लागि शौचालय, सुरक्षा, स्वास्थ्य, र दुर्घटना बिमा लगायतका बिषयमा ठेक्का बन्दोबस्तमा आबश्यक प्रबन्ध गर्न साथै बन्दोबस्त बमोजिम परिपालना भए/नभएको सम्बन्धित स्थानीय निकायबाट नियमित रुपमा अनुगमन गरी परिपालना गर्ने/गराउने।

४. मापदण्डको दफा (७) अनुसार उत्खनन् वा संकलनको परिमाण नियन्त्रणको लागि उत्खनन् वा संकलनको क्षेत्र निर्धारण गरी लाईन लेभल दिने अर्थात चौकिल्ला स्पष्ट देखिने गरी व्यवस्था गर्ने।

५. मापदण्डको दफा ७(२) बमोजिम सम्बन्धित स्थानीय तहले प्रभावकारी अनुगमन गरी प्रतिवेदन गर्ने साथै चुस्त/दूरुस्त अभिलेख कायम गर्ने।



CamScanner

गौर वहादुर विश्वकर्मा
प्रमुख

६. मापदण्डको दफा ७(६) मा भएको व्यबस्था अनुरुप अनुसुची ४ को (क) र (ख) बमोजिम अभिलेख चुस्त दुरुस्त कायम गर्ने।

७. मापदण्डको दफा ८(४) बमोजिमको नदीजन्य पदार्थको ओसारपसार गर्दा सङ्कलन र उत्खनन् स्थलमा वातावरणीय प्रभाव पर्न नदिने साथै धुलो उड्न नदिन नियमित पानी छर्कने व्यवस्था मिलाउने साथै नकरात्मक प्रभावलाई न्युनीकरण गर्ने उपायहरु अवलम्बन गर्ने।

८. मापदण्डको दफा ९(७) बमोजिम सम्बन्धित स्थानीय निकायले नियमित अनुगमन गर्न कार्यदल गठन गरेको नदेखिएकोले उक्त कार्यदल गठन गरी नियमित अनुगमनको प्रबन्ध मिलाउने साथै अनुगमन प्रतिबेदनको एक प्रति जिल्ला समन्वय समितिको कार्यालयलाइ समेत उपलब्ध गराउने।

९. मापदण्डको दफा १७ बमोजिम सङ्कलन वा उत्खनन् स्थलमा सुचना पार्टी राख्ने व्यवस्था मिलाउने।

१०. प्राकृतिक स्रोतबाट प्राप्त हुने ढुंगा, गिट्टी तथा बालुवाको बिक्रिबाट स्थानीय तहहरुको महत्वपूर्ण आम्दानीको स्रोत रहेको सन्दर्भमा उक्त उत्खनन कार्य गर्दा सामाजिक, वातावरणीय तथा विपद् जोखिम लगायतका विविध पक्षहरुलाई मध्यनजर गरी समयमै ठेक्का प्रवन्ध गरी स्रोतको उच्चतम उपयोग (Optimum Utilization) हुने गरी परिचालन गर्ने।

११. नदीजन्य पदार्थको सङ्कलन, उत्खनन र विक्रि गर्दा सम्बन्धित नगरपालिका वा गाँउपालिकाले ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धी मापदण्ड २०७७ (पहिलो संशोधन, २०७९) लगायतका नेपाल सरकार तथा कोशि प्रदेश सरकारले जारी गरेका कानुन, नीति, नियम, कार्यविधि तथा मापदण्डहरु साथै सम्मानित अदालतबाट प्रतिपादित नजिर तथा सिद्धान्तहरुको पुर्ण परिपालना गर्ने।

१२. विपद्जन्य घटना आउन सक्ने अवस्था वा सम्भावनालाई मध्यनजर गरी सम्बन्धित स्थानीय तहले कानुनी, नीतिगत नियम तथा मापदण्डहरू, साथै वातावरणीय अध्ययन प्रतिवेदनको पूर्ण परिपालना गर्नुका अलावा उत्खनन् प्रक्रियामा नदी किनारबाट दुरी कायम गर्ने, उत्खननमा वातावरणमैत्री उपकरणहरु प्रयोग गर्ने, उत्खनन पश्चात पुर्नस्थापना गर्ने, सम्भावित विपदजन्य



CamScanner

गौर वहादुर विश्वकर्मा
प्रमुख

घटना रोक्ने, सीमीत सामाग्री उत्खनन, साथै मौसम अनुसार उत्खननमा रोक लगाउने जस्ता कार्यमा सम्बन्धित स्थानीय तहहरु सचेत रही कार्यहरु अगाडी बढाउने।



CamScanner

वीर बहादुर विश्वकर्मा
प्रमुख

चित्रहरु






CamScanner


गौर वहादुर विश्वकर्मा
प्रमुख

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाईघाट
कोशी प्रदेश
२०७३



गौर वहादुर विश्वकर्मा

प्रमुख





समन्वय समितिको

उदयपुर, गाईघाट

कोशी प्रदेश

२०७३